# सिमकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

प.सं.-२०८२।०८३
चलानी नं.- १४४०

मितिः २०८२।१०।२८
ने.सं. : ११४६ बुधवार

श्री अध्यक्ष ज्यू, विद्यालय व्यवस्थापन समिति,
सिमकोट गाउँपालिका हुम्ला।

**विषय: शैक्षिक सत्र २०८३ को विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने सम्वन्धमा।**

प्रस्तुत विषयमा **'सबै बालबालिकाको विद्यालयमा पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चितता'** भन्ने मूल नाराका साथ आगामी शैक्षिक सत्र २०८३ को विद्यार्थी भर्ना अभियान मितिः२०८२।११।०१ गते देखि २०८२।११।१५ गतेसम्म सिमकोट गाउँपालिकामा सञ्चालन हुन गइरहेको व्यहोरा अवगत नै छ। विद्यालय उमेर समूहका कोही पनि बालबालिका शिक्षाको उज्यालो घामबाट वञ्चित नहुन् भन्ने उद्देश्यले विद्यालयहरुमा पनि प्रभावकारी रूपमा भर्ना अभियान सञ्चालन गर्न आवश्यक देखिएको छ। तसर्थ, विद्यालय व्यवस्थापन समितिको नेतृत्वमा देहाय बमोजिमका कार्यक्रमहरू तय गरी भर्ना अभियानलाई सफल बनाइदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

**अभियानका मुख्य गतिविधिहरू:**

**१. घरदैलो कार्यक्रम:** विद्यालय सेवा क्षेत्रभित्र रहेका विद्यालय उमेरका बालबालिहरुको पहिचान गरी अभिभावकहरूलाई विद्यालय पठाउन उत्प्रेरित गर्ने।

**२. अभिमुखीकरण:** विशेष गरी विपन्न, दलित, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई विद्यालय भर्ना गर्न सचेतनामूलक कार्यक्रम गर्ने।

**३. विद्यार्थी स्वागत:** नयाँ भर्ना हुन आउने विद्यार्थीहरूलाई स्वागत, निःशुल्क पाठ्यपुस्तक वितरण र छात्रवृत्तिका बारेमा जानकारी दिने।

**४. प्रचार-प्रसार:** विद्यालयस्तरमा, टोल विकास संस्था र सञ्चार माध्यमसँग समन्वय गरी भर्ना अभियानको प्रचार - प्रसार गर्ने।

विद्यालयको शैक्षिक गुणस्तर सुधार र विद्यार्थी संख्या वृद्धिका लागि यहाँको सक्रिय नेतृत्व र मार्गनिर्देशनको अपेक्षा राख्दछौं।

(कर्ण बहादुर फडेरा)
प्रमुख प्रशासकीय अधिकृत